# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति: २०८१।०६।०८

वैदेशिक रोजगारको कार्यलाइ सुरक्षित, मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना .तथा परामर्श, न्यायमा पहुँच सहित मनोसामाजिक परामर्श सेवा सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि निम्नानुसारको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक अनुभवी नेपाली नागरिकहरु सवैको जानकारीको लागि यो सूचना प्रकाशित गिरएको छ।

**तपशिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | ०३-२०८१/८२ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | १ जना | **राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ।** जुन निम्नानुसार छ: मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |

**परिक्षा दस्तुर : १,०००।- (एक हजार मात्र)**

**उमेरको हद:** महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने।

**छनौटको किसिम :** लिखित र अन्तरवार्ता तथा कम्प्युटर सीप परीक्षण।

**तलव :** स्थानीय सेवाको पाँचौ तहको शुरु स्केल वा सो सरह।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा हस्तलिखित निवेदन सहित वेसीशहर नगरपालिकामा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:** संक्षिप्त सूची(Short List) छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता र कम्प्युटर सीप परिक्षण समावेश गरिनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८१।०६।२३ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

**लिखित परिक्षा मिति :** संक्षिप्त सूची प्रकाशन हुदाँका बखत तोकिनेछ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**